नेपाल सरकार

# पशुपन्छी विकास मन्त्रालय

सिंहदरवार, काठमाण्डौको

## पदपूर्ति सम्वन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७४।०९।१८)

यस मन्त्रालय अन्तर्गतको राष्ट्रिय दुग्ध विकास बोर्डको कार्यकारी निर्देशक तथा दुग्ध विकास संस्थानको महाप्रवन्धकको रिक्त पदमा खुल्ला प्रतिस्पर्धात्मक प्रतियोगिताद्वारा पदपूर्ति गरिने भएकोले देहायको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रथम पटक प्रकाशित मितिले ७ दिन (२०७४।०९।२४) भित्र कार्यालय समयमा यस मन्त्रालयको प्रशासन महाशाखा, सिंहदरवार, काठमाडौंमा गोप्य शिलवन्दी आवेदन दिनुहुन सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। निर्धारित मिति र समयभित्र प्राप्त हुन नआएको तथा रीत नपुगेको दरखास्त स्वीकृत हुने छैन।

**१. योग्यता तथा अनुभवः**

(क) राष्ट्रिय दुग्ध विकास बोर्डको कार्यकारी निर्देशक पदका लागिः

(१) डेरी साइन्स वा एनिमल साइन्स वा भेटेरिनरी साइन्समा स्नातकोत्तर उपाधि प्राप्त गरेको वा माथि उल्लेखित कुनै विषयमा स्नातक गरी व्यवस्थापन विषयमा स्नातकोत्तर गरेको।

(२) कम्तिमा १० बर्ष डेरी वा व्यवस्थापन क्षेत्रमा काम गरेको अनुभव भएको।

(३) उमेर ३० वर्ष पूरा भएको।

(ख) दुग्ध विकास संस्थानको महाप्रवन्धक पदका लागिः

(१) डेरी साइन्स वा एनिमल साइन्स वा भेटेरिनरी साइन्समा स्नातकोत्तर उपाधि प्राप्त गरेको वा माथि उल्लेखित कुनै विषयमा स्नातक गरी व्यवस्थापन विषयमा स्नातकोत्तर गरेको।

(२) दुग्ध विकास क्षेत्रमा कम्तिमा १० बर्ष काम गरेको वा दुग्ध विकास संस्थानको उच्च व्यवस्थापन तहमा रही कम्तिमा ५ बर्ष काम गरेको अनुभव भएको।

(३) उमेर ३० वर्ष पूरा भएको।

**२. दरखास्त पेश गर्ने प्रक्रियाः**

(क) दरखास्त पेश गर्दा शैक्षिक योग्यता, अनुभव, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, वैयक्तिक विवरण र २ प्रति पासपोर्ट साइजको फोटो तथा राष्ट्रिय दुग्ध विकास बोर्डका कार्यकारी निर्देशकको पदका लागि आवेदकको हकमा नीतिगत अवधारणा तथा दुग्ध विकास संस्थानका महाप्रवन्धकको पदका लागि आवेदकको हकमा व्यावसायिक कार्ययोजना (नेपाली वा अंग्रेजी भाषामा पाँचहजार शब्दमा नबढ्ने गरी) चार प्रति तयार गरी खामबन्दी गरी पशुपन्छी विकास मन्त्रालयको प्रशासन महाशाखामा पेश गर्नु पर्नेछ। सिलवन्दी प्रस्तावको खाम वाहिर आवेदकको नाम ठेगाना तथा जुन पदको लागी आवेदन दिएको हो सो पदको नाम उल्लेख गरेको हुनु पर्नेछ।

(ख) सरकारी निकाय वा संस्थानमा सेवारत आवेदकको हकमा दरखास्त साथ सेवारत निकायवाट स्वीकृति प्रदान गरिएको पत्र संलग्न गर्नु पर्नेछ।

**३. नीतिगत अवधारणा/व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरणः**

छनौट सूचिमा परेका उम्मेदवारले आफुले पेश गरेको नीतिगत अवधारणा वा व्यावसायिक कार्ययोजना तोकिएको मिति र समयमा प्रस्तुतीकरण समेत गर्नु पर्नेछ।

**४. दस्तुरः**

दरखास्त दस्तुर वापत पशुपन्छी विकास मन्त्रालयको कार्यालय कोड नं.२७-३२७-२४ राजस्व खाताः ५२०१२६५ तथा राजस्व शीर्षकः १४२२४ मा जम्मा हुने गरी एभरेष्ट बैंक, सिहदरवार शाखामा रु ३०००।००(अक्षरेपी तिनहजार) मात्र बुझाएको सक्कलै भौचर पेश गर्नु पर्नेछ।

**५. अन्य विवरणः**

(क) यो सूचना बमोजिम प्राप्त भएका दरखास्त छनौट तथा सिफारिश समितिले कुनै कारण उल्लेख गरी वा नगरी माथि उल्लिखित पदपूर्ति सम्वन्धी प्रक्रिया रद्द गर्न सक्नेछ।

(ख) झुट्ठा विवरण वा कागजात पेश गरेमा आवेदन रद्द हुनका साथै प्रचलित कानूनबमोजिम कारवाही हुनेछ।

(ग) यस सम्वन्धी थप जानकारीका लागि पशुपन्छी विकास मन्त्रालय, प्रशासन महाशाखा वा टेलिफोन नं.०१४२११४९३ मा सम्पर्क गर्न सकिनेछ।